# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७९/८० को नौ महिनाको तथ्याङ्कमा आधारित)*


### प्रमुख झलक

- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ७.७६ प्रतिशत रहेको छ।*
- *आयात १८.१ प्रतिशतले, निर्यात २६.३ प्रतिशतले र कुल वस्तु व्यापार घाटा १७.१ प्रतिशतले घटेको छ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २४.२ प्रतिशतले र अमेरिकी डलरमा १३.९ प्रतिशतले बढेको छ।*
- *शोधनान्तर स्थिति रु.१८० अर्ब १७ करोडले बचतमा रहेको छ।*
- *कुल विदेशी विनिमय सञ्चिति रु.१४३३ अर्ब ७३ करोड र अमेरिकी डलरमा १० अर्ब ९४ करोड रहेको छ।*
- *संघीय सरकारको खर्च रु.९४३ अर्ब ५ करोड र राजस्व परिचालन रु.६८३ अर्ब ८१ करोड रहेको छ।*
- *विस्तृत मुद्राप्रदाय ६.६ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय ९.९ प्रतिशतले बढेको छ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ७.० प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.५ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ११.० प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ३.२ प्रतिशत रहेको छ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७९ चैत महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.७६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.२८ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.९३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.४२ प्रतिशत रहेको छ।




**तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)**

| विवरण | २०७८ चैत | २०७९ फागुन | २०७९ चैत |
|---|---|---|---|
| **समग्र मुद्रास्फीति** | **७.२८** | **७.४४** | **७.७६** |
| *खाद्य तथा पेय पदार्थ* | *७.४०* | *५.६४* | *६.९३* |
| *गैर-खाद्य तथा सेवा* | *७.१८* | *८.८७* | *८.४२* |

२. समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत रेष्टुरेण्ट तथा होटल उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १४.६८ प्रतिशत, मरमसलाको १४.६७ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३.७२ प्रतिशत, फलफूलको ११.०० प्रतिशत र सुर्तीजन्य पदार्थको १०.८३ प्रतिशतले बढेको छ।

३. गैर-खाद्य तथा सेवा समूह अन्तर्गत स्वास्थ्य उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १०.३९ प्रतिशत, घरायसी उपयोगका वस्तुहरुको ९.५४ प्रतिशत, मनोरञ्जन तथा

संस्कृतिको ८.८१ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणहरुको ८.७४ प्रतिशत र शिक्षाको ८.६७ प्रतिशतले बढेको छ ।

४. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ८.५७ प्रतिशत, तराईमा ७.६८ प्रतिशत, पहाडमा ७.०१ प्रतिशत र हिमालमा ७.४७ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७८ चैत महिनामा यी क्षेत्रहरुमा क्रमशः ६.२५ प्रतिशत, ७.६१ प्रतिशत, ७.७९ प्रतिशत र ८.२५ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

### थोक मुद्रास्फीति

५. २०७९ चैत महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ५.५९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १४.४२ प्रतिशत रहेको थियो ।

६. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः ०.२१ प्रतिशत, ८.८८ प्रतिशत र ५.१८ प्रतिशत रहेको छ । समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि ६.१४ प्रतिशत रहेको छ ।


### तलव तथा ज्यालादर सूचकाङ्क

७. २०७९ चैत महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ७.५२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ८.५२ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः १२.३९ प्रतिशत र ६.१३ प्रतिशतले बढेको छ ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

८. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल वस्तु निर्यात २६.३ प्रतिशतले कमी आई रु.११८ अर्ब २८ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६९.४ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ३५.१ प्रतिशतले कमी आएको छ भने चीन तथा अन्य मुलुकतर्फको निर्यात क्रमशः २.२ प्रतिशत र ८.१ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा जिंक सिट, पार्टिकल बोर्ड, अलैंची, ऊनी गलैंचा, तयारी पोशाक लगायतका वस्तुको निर्यात बढेको छ भने सोयाविन तेल, पाम तेल, पिना, लत्ताकपडा, जुटका सामान लगायतका वस्तुको निर्यात घटेको छ ।



चार्ट २: वैदेशिक व्यापार (नौ महिना)

९. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल वस्तु आयात १८.१ प्रतिशतले कमी आई रु.१२०१ अर्ब ५१ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३२.० प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः १६.४ प्रतिशत, २३.० प्रतिशत र १९.४ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा रासायनिक मल, स्पोन्ज आइरन, पेट्रोलियम पदार्थ, सुन, कागज लगायतका वस्तुको आयात बढेको छ भने सवारी साधन तथा स्पेयर पार्टस्, औषधी, एम.एस.विलेट, दूरसञ्चारका उपकरण तथा पार्ट्स, अन्य मेशिनरी तथा पार्टस् लगायतका वस्तुको आयात घटेको छ ।

१०. निर्याततर्फ भैरहवा, सुक्खा बन्दरगाह, कैलाली, कृष्णनगर, मेची, नेपालगञ्ज, रसुवा र त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ । आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ ।

११. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल वस्तु व्यापार घाटा १७.१ प्रतिशतले कमी आई रु.१०८३ अर्ब २३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा २८.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.९ प्रतिशत रहेको थियो ।

१२. समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु.१०१ अर्ब ६७ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.१६७ अर्ब ५३ करोड बराबरको भएको थियो ।

### वैदेशिक व्यापारको संरचना

१३. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ५५.० प्रतिशत र ४४.३ प्रतिशत रहेको छ भने पुँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भएको कुल निर्यातमा मध्यवर्ती, पुँजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४७.२ प्रतिशत, ०.०२ प्रतिशत र ५२.७ प्रतिशत रहेको थियो ।

१४. समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.३ प्रतिशत, पुँजीगत वस्तुको ८.३ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३८.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५३.२ प्रतिशत, १०.५ प्रतिशत र ३६.३ प्रतिशत रहेका थिए ।

### निर्यात-आयात मूल्य सूचकाङ्क

१५. वार्षिक विन्दुगत आधारमा २०७९ चैत महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) १.१ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क २.६ प्रतिशतले बढेको छ । २०७८ चैत महिनामा ६.५ प्रतिशतले घटेको व्यापारको शर्त (Terms of Trade) २०७९ चैत महिनामा १.५ प्रतिशतले घटेको छ ।

### सेवा

१६. समीक्षा अवधिमा खुद सेवा आय रु.५६ अर्ब २६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.७९ अर्ब २८ करोडले घाटामा रहेको थियो ।

१७. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ९४.३ प्रतिशतले वृद्धि भई रु.४४ अर्ब १७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.२२ अर्ब ७३ करोड रहेको थियो ।

१८. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय ३९.८ प्रतिशतले वृद्धि भई रु.९१ अर्ब ६० करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.६७ अर्ब १९ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.६५ अर्ब ५४ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.४३ अर्ब ६७ करोड रहेको थियो ।

### विप्रेषण आप्रवाह

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाह २४.२ प्रतिशतले वृद्धि भई रु.९०३ अर्ब ३९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.२ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.९ प्रतिशतले वृद्धि भई ६ अर्ब ९२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १.८ प्रतिशतले घटेको थियो ।

२०. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५१.५ प्रतिशतले वृद्धि भई ३,८७,८३९ पुगेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ५.५ प्रतिशतले वृद्धि भई २,१७,९५९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या १९९.९ प्रतिशतले बढेको थियो ।

२१. समीक्षा अवधिमा खुद ट्रान्सफर २२.८ प्रतिशतले वृद्धि भई रु.९९६ अर्ब ८८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ०.४ प्रतिशतले घटेको थियो ।

## चालु खाता एवम् शोधनान्तर स्थिति


२२. समीक्षा अवधिमा चालु खाता रु.५१ अर्ब ८२ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.५१० अर्ब ५८ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४ अर्ब २७ करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा ४० करोड २८ लाखले घाटामा रहेको छ ।

२३. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर २४.० प्रतिशतले कमी आई रु.५ अर्ब ९१ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु.२ अर्ब ६२ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.७ अर्ब ७८ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१६ अर्ब ५१ करोड रहेको थियो ।

२४. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.१८० अर्ब १७ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.२६८ अर्ब २६ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २ अर्ब २५ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा १ अर्ब ३७ करोडले बचतमा रहेको छ ।

## कुल विदेशी विनिमय सञ्चिति

२५. २०७९ असार मसान्तमा रु.१२१५ अर्ब ८० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १७.९ प्रतिशतले वृद्धि भई २०७९ चैत मसान्तमा रु.१४३३ अर्ब ७३ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७९ असार मसान्तमा ९ अर्ब ५४ करोड रहेकोमा २०७९ चैत मसान्तमा १४.८ प्रतिशतले वृद्धि भई १० अर्ब ९४ करोड कायम भएको छ ।




२६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७९ असार मसान्तमा रु.१०५६ अर्ब ३९ करोड रहेकोमा २०७९ चैत मसान्तमा २०.६ प्रतिशतले वृद्धि भई रु.१२७३ अर्ब ९९ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७९ असार मसान्तमा रु.१५९ अर्ब ४१ करोड रहेकोमा २०७९ चैत मसान्तमा ०.२ प्रतिशतले वृद्धि भई रु.१५९ अर्ब ७४ करोड पुगेको छ। २०७९ चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३.१ प्रतिशत रहेको छ ।

## सञ्चिति पर्याप्तता सूचक

२७. आर्थिक वर्ष २०७९/८० को नौ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.० महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। २०७९ चैत मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः २६.६ प्रतिशत, ७८.९ प्रतिशत र २४.४ प्रतिशत रहेका छन्। २०७९ असार मसान्तमा यी अनुपातहरु क्रमशः २४.६ प्रतिशत, ५७.८ प्रतिशत र २२.१ प्रतिशत रहेका थिए ।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२८. अन्तर्राष्ट्रिय बजारमा २०७८ चैत मसान्तमा प्रति ब्यारल अमेरिकी डलर १०८.४९ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७९ चैत मसान्तमा २०.३ प्रतिशतले कमी आई अमेरिकी डलर ८६.५१ कायम भएको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७८ चैत मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १९७६.७५ रहेकोमा २०७९ चैत मसान्तमा ३.६ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २०४८.४५ कायम भएको छ।

### विनिमय दर

२९. २०७९ असार मसान्तको तुलनामा २०७९ चैत मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.६९ प्रतिशतले अवमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.०४ प्रतिशतले अवमूल्यन भएको थियो। २०७९ चैत मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१३१.०३ पुगेको छ। २०७९ असार मसान्तमा उक्त विनिमय दर रु.१२७.५१ रहेको थियो।

# सरकारी वित्त स्थिति

## संघीय सरकार

### खर्च तथा राजस्व

३०. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा संघीय सरकारको कुल खर्च नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार रु.९४३ अर्ब ५ करोड भएको छ। समीक्षा अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्चतर्फ क्रमशः रु.७०६ अर्ब ७७ करोड, रु.१०७ अर्ब २४ करोड र रु.१२९ अर्ब ४ करोड रहेको छ।

**तालिका २ : सरकारी खर्च तथा राजस्व (नौ महिनासम्म)**

| विवरण | रकम (रु.अर्बमा) | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| **कुल खर्च** | **७९४.२६** | **९४३.०५** | **१५.०** | **१८.७** |
| *चालु खर्च* | *६२५.५०* | *७०६.७७* | *१८.७* | *१३.०* |
| *पुँजीगत खर्च* | *१०३.७९* | *१०७.२४* | *-१.९* | *३.३* |
| *वित्तीय व्यवस्था* | *६४.९७* | *१२९.०४* | *१२.८* | *९८.६* |
| **राजस्व परिचालन** | **७८९.२६** | **६८३.८१** | **१५.४** | **-१३.४** |
| *कर राजस्व* | *७२७.७९* | *६१६.१२* | *१४.३* | *-१५.३* |
| *गैर-कर राजस्व* | *६१.४७* | *६७.६९* | *३०.३* | *१०.१* |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय।*

३१. समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.६८३ अर्ब ८१ करोड भएको छ। समीक्षा अवधिमा यस अन्तर्गत कर राजस्व तर्फ रु.६१६ अर्ब १२ करोड र गैर कर राजस्व तर्फ रु.६७ अर्ब ६९ करोड परिचालन भएको छ (तालिका २)।

### नेपाल सरकारको नगद मौज्दात

३२. २०७९ चैत्र मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१९१ अर्ब ३७ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ। २०७९ असार मसान्तमा यस्तो मौज्दात रु.२२५ अर्ब ८० करोड रहेको थियो।

## प्रदेश सरकार

### खर्च तथा राजस्व


३३. समीक्षा अवधिमा प्रदेश सरकारहरुको कुल खर्च रु.९२ अर्ब १३ करोड रहेको छ। त्यसैगरी, समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत परिचालन रु.१३० अर्ब ८१ करोड रहेको छ। समीक्षा अवधिमा यसमध्ये संघीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१०१ अर्ब ६४ करोड छ र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.२९ अर्ब १७ करोड रहेको छ।

# मौद्रिक स्थिति

## मुद्राप्रदाय

३४. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा विस्तृत मुद्राप्रदाय ६.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ३.५ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा विस्तृत मुद्राप्रदाय ९.९ प्रतिशतले बढेको छ।

**चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (चैत)**
**(वार्षिक विन्दुगत)**




३५. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.१८० अर्ब १७ करोड (१६.२ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.२६८ अर्ब १७ करोड (२०.१ प्रतिशत) ले घटेको थियो।

३६. समीक्षा अवधिमा सञ्चित मुद्रा २.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १५.३ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा सञ्चित मुद्रा ७.३ प्रतिशतले बढेको छ।

## कुल आन्तरिक कर्जा

३७. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा कुल आन्तरिक कर्जा ५.० प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १०.७ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा यस्तो कर्जा ८.६ प्रतिशतले बढेको छ।

३८. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी ९.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ९.६ प्रतिशतले घटेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७८ चैत मसान्तमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दावी ५५.७ प्रतिशतले बढेकोमा २०७९ चैत मसान्तमा यस्तो दावी ५२.८ प्रतिशतले बढेको छ।

३९. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी १३.७ प्रतिशतले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ४.० प्रतिशतले बढेको छ।

## निक्षेप परिचालन

४०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप रु.३५५ अर्ब ८९ करोड (७.० प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप रु.२३६ अर्ब २३ करोड (५.१ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ११.० प्रतिशतले बढेको छ।

**तालिका ३: बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**


| निक्षेप | असार मसान्त | | चैत मसान्त | |
|---|---|---|---|---|
| | २०७८ | २०७९ | २०७८ | २०७९ |
| चल्ती | १०.४ | ८.९ | ८.७ | ८.० |
| बचत | ३४.२ | २७.६ | २८.७ | २५.७ |
| मुद्दती | ४७.० | ५५.८ | ५६.१ | ६०.१ |
| अन्य | ८.४ | ७.७ | ६.५ | ६.२ |

४१. २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमशः ८.० प्रतिशत, २५.७ प्रतिशत र ६०.१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः ८.७ प्रतिशत, २८.७ प्रतिशत र ५६.१ प्रतिशत रहेको थियो।

४२. २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३६.३ प्रतिशत रहेको छ । २०७८ चैत मसान्तमा यस्तो निक्षेपको अंश ३८.६ प्रतिशत रहेको थियो ।

## कर्जा प्रवाह

४३. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा रु.१६१ अर्ब ९८ करोड (३.५ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५५० अर्ब ६४ करोड (१३.५ प्रतिशत) ले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.२ प्रतिशतले बढेको छ ।




४४. २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैर-वित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६४.१ प्रतिशत र व्यक्तिगत तथा घरपरिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ६३.३ प्रतिशत र ३७.१ प्रतिशत रहेको थियो ।

४५. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ३.४ प्रतिशतले, विकास बैंकहरुको ४.७ प्रतिशतले र वित्त कम्पनीहरुको १.१ प्रतिशतले बढेको छ ।

४६. २०७९ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये १२.२ प्रतिशत कर्जाको लागि चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) सुरक्षणको रुपमा रहेको छ भने ६७.५ प्रतिशत कर्जाको लागि घर जग्गा धितो सुरक्षण रहेको छ । २०७८ चैत मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः १२.३ प्रतिशत र ६६.९ प्रतिशत रहेको थियो ।

४७. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जा ६.४ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ८.४ प्रतिशतले, निर्माण क्षेत्रतर्फको कर्जा १२.६ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १४.६ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ४.२ प्रतिशतले, सेवा उद्योग क्षेत्रतर्फको कर्जा ३.८ प्रतिशतले र उपभोग्य क्षेत्रतर्फको कर्जा ३.४ प्रतिशतले बढेको छ ।

४८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा १९.१ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जा समेत) ३.९ प्रतिशतले र ट्रष्ट रिसिट (आयात) कर्जा ३.१ प्रतिशतले बढेको छ भने अधिविकर्ष कर्जा ६५.८ प्रतिशतले (पछिल्लो वर्षको कर्जाको पुनरवर्गीकरणको कारणसमेत), मार्जिन प्रकृतिको कर्जा ६.७ प्रतिशतले र हायर पर्चेज कर्जा १४.६ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४९. समीक्षा अवधिमा यस बैंकबाट रिपोमार्फत रु.४१३ अर्ब ९४ करोड, सोझै खरिद बोलकबोलमार्फत रु.८९ अर्ब ७० करोड, स्थायी तरलता सुविधामार्फत रु.२७२६ अर्ब ८१ करोड र ओभरनाइट तरलता सुविधा रु.१२१८ अर्ब ६३ करोड गरी कुल रु.४४४९ अर्ब ९ करोड (कारोबारमा आधारित) तरलता प्रवाह गरिएको छ भने रिभर्स रिपोमार्फत रु.५ अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विभिन्न उपकरणहरुमार्फत खुद रु.६१८२ अर्ब ७२ करोड तरलता प्रवाह गरिएको थियो ।

५०. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ४ अर्ब २७ करोड खुद खरिद गरी रु.५५७ अर्ब ८१ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ६८ करोड खुद खरिद गरी रु.२०३ अर्ब ९ करोड तरलता प्रवाह गरिएको थियो ।

५१. समीक्षा अवधिमा अमेरिकी डलर ३ अर्ब ५४ करोड बिक्री गरी रु.४६२ अर्ब १४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ५० करोड बिक्री गरी रु.४१९ अर्ब १८ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५२. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७९ चैत मसान्तमा रु.५ अर्ब ७७ करोड लगानीमा रहेको छ ।

५३. २०७९ चैत मसान्तमा १ लाख ४७ हजार ८ सय ७ ऋणीलाई प्रवाह भएको रु.२०५ अर्ब ११ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ६१ हजार २ सय ऋणीलाई प्रवाह भएको रु.१३९ अर्ब ६५ करोड कर्जा बक्यौता रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८३ हजार ७ सय ५१ महिला उद्यमीलाई प्रवाह भएको रु.६२ अर्ब २८ करोड कर्जा बक्यौता रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ८ सय ५६ ऋणीको रु.३ अर्ब १८ करोड कर्जा बक्यौता रहेको छ ।

५४. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०७९ चैत मसान्तमा रु.६५ करोड ८७ लाख बक्यौता रहेको छ ।

## अन्तर-बैंक कारोबार

५५. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा वाणिज्य बैंकहरुको रु.२७१५ अर्ब ९० करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.२६६ अर्ब ७९ करोड गरी कुल रु.२९८२ अर्ब ६९ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.२२९९ अर्ब २२ करोड र अन्य वित्तीय संस्थाहरुको रु.२६९ अर्ब ६८ करोड गरी कुल रु.२५६८ अर्ब ९१ करोडको अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५६. २०७८ चैतमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ७.५८ प्रतिशत रहेकोमा २०७९ चैतमा ९.७४ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७८ चैतमा ६.९९ प्रतिशत रहेकोमा २०७९ चैतमा ७.० प्रतिशत रहेको छ। मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७९ चैतमा ७.०१ प्रतिशत रहेको छ। अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ७.० प्रतिशत रहेको थियो ।

**तालिका ४ : भारित औसत ब्याजदर स्थिति (प्रतिशत)**

| शीर्षक | २०७८ चैत | २०७९ चैत |
|---|---|---|
| ९१-दिने ट्रेजरी बिल | ७.५८ | ९.७४ |
| अन्तर बैंक ब्याजदर | ६.९९ | ७.०० |
| आधार दर | ९.१७ | १०.४८ |
| निक्षेपको ब्याजदर | ७.११ | ८.२६ |
| कर्जाको ब्याजदर | १०.७८ | १२.८४ |

५७. वाणिज्य बैंकहरुको औसत आधारदर २०७८ चैतमा ९.१७ प्रतिशत रहेकोमा २०७९ चैतमा १०.४८ प्रतिशत कायम भएको छ । २०७९ चैतमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ८.२६ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर १२.८४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमशः ७.११ प्रतिशत र १०.७८ प्रतिशत रहेका थिए ।

## मर्जर/प्राप्ति

५८. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७९ चैत मसान्तसम्म कुल २५९ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १८५ संस्थाहरुको इजाजत खारेज हुन गई ७४ संस्था कायम भएका छन् ।

## वित्तीय पहुँच

५९. कुल ७५३ स्थानीय तहमध्ये २०७९ चैतसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७८ चैतसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए ।

६०. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७९ चैत मसान्तमा ११९ रहेको छ । यसमध्ये २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६३ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७९ असार मसान्तमा ११,५२८ रहेकोमा २०७९ चैत मसान्तमा ११,६४३ पुगेको छ (तालिका ५) ।

**तालिका ५: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***


| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७९ चैत मसान्त | २०७८ असार मसान्त | २०७९ असार मसान्त | २०७९ चैत मसान्त |
| वाणिज्य बैंक | २७ | २६ | २१ | ४७५३ | ५००९ | ५०६६ |
| विकास बैंक | १८ | १७ | १७ | १०२३ | १११८ | ११३० |
| वित्त कम्पनी | १७ | १७ | १७ | २२२ | २६७ | २८३ |
| लघुवित्त वित्तीय संस्था | ७० | ६५ | ६३ | ४६८५ | ५१३४ | ५१६४ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१३३** | **१२६** | **११९** | **१०६८३** | **११५२८** | **११६४३** |

*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

# पुँजी बजार

६१. २०७८ चैत मसान्तमा २४१५.२५ रहेको नेप्से सूचकाङ्क २०७९ चैत मसान्तमा १९३४.४८ कायम भएको छ ।

**चार्ट ६: नेप्से सूचकाङ्क**




*स्रोत : नेपाल स्टक एक्सचेन्ज लि.*

६२. २०७९ चैत मसान्तमा धितोपत्र बजार पुँजीकरण रु.२८१३ अर्ब ५५ करोड कायम भएको छ । २०७८ चैत मसान्तमा बजार पुँजीकरण रु.३४२६ अर्ब ११ करोड रहेको थियो ।

६३. २०७९ चैतमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २४८ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४१ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ६९ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ६ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७८ चैतमा सूचीकृत कम्पनीहरूको संख्या २२९ रहेको थियो ।

६४. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६३.८ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत् कम्पनीको हिस्सा १४.४ प्रतिशत, लगानी कम्पनीको हिस्सा ६.९ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.९ प्रतिशत, होटेलको हिस्सा २.१ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.४ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ८.५ प्रतिशत रहेको छ ।

६५. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७९ चैत मसान्तमा सूचीकृत ७ अर्ब १९ करोड शेयरको चुक्ता मूल्य रु.७०९ अर्ब २७ करोड रहेको छ ।

६६. आर्थिक वर्ष २०७९/८० को नौ महिनामा रु.१६५ अर्ब ५६ करोड बराबरको साधारण शेयर, रु.३५ अर्ब बराबरको विकास ऋणपत्र, रु.२९ अर्ब १९ करोड बराबरको डिबेन्चर, रु.३१ अर्ब ८४ करोड बराबरको बोनस शेयर, रु.५ अर्ब ४९ करोड बराबरको म्युचुअल फण्ड र रु.४ अर्ब ११ करोड बराबरको हकप्रद शेयरगरी कुल रु.२७१ अर्ब १९ करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६७. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.११ अर्ब २० करोड बराबरको डिबेन्चर, रु.१२ अर्ब १५ करोड बराबरको म्युचुअल फण्ड, रु.६ अर्ब ५ करोड बराबरको साधारण शेयर र रु.९५ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.३० अर्ब ३५ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।